आ.ब. २०७९/०८० को

# बार्षिक शैक्षिक स्थीति प्रतिवेदन

(Annual Educational Status Report)

तयार गर्ने

## शिक्षा,युवा तथा खेलकुद शाखा

पचालझरना गाउँपालिका

पणेक्षा, कालिकोट

*कर्णाली प्रदेश, नेपाल*

# हाम्रो भनाई

अहिलेको यो बदलिदो परिवेशमा शैक्षिक जगतको केही अंशको रुपमा देखिने हाम्रो कर्णाली प्रदेश तथा यहि भित्रको पनि कालिकोट जिल्ला र नेपालकै अग्लो झरना भएको स्थानमा अवस्थित यो पचालझरना गाउँपालिका। झरनाको गति,वेग र यसबाट उत्पन्न हुने सप्तरंगी इन्द्रेणीको चमकता अनि छहराभित्रका फोहराहरुले सुशेलेको सुशेलीसँग साक्षात्कार गर्दै शिक्षाको ज्योतिले शैक्षिक जगतको क्षितिज पारी हेर्ने जमर्को गर्दै गर्दा रोशनी पनि मधुरो हुन थालेको जस्तो देखिन्छ। यद्यपी यस पचालझरना गाउँपालिकाको भौगोलिक अवस्थिती, शैक्षिक तथा सामाजिक वातावरणको असमायोजित तालमेल, समुदायमा रहेको पुरातनवादी चिन्तन र सरकारी तथा सामुदायिक बिद्यालयप्रतिको उपेक्षाकृत मनोभावनाका कारणले शैक्षिक स्थीतिमा अपेक्षित उपलब्धी हुन नसकेता पनि कालिकोट जिल्लाको अन्य स्थानीय तुलनामा हेर्ने हो भने यहाँको शैक्षिक स्थीति सन्तोषजनक नै देखिन्छ।

प्रत्येक आर्थिक बर्षमा तयार पारिने यो बार्षिक शैक्षिक स्थीति प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखाले तयार पारी यसको Soft Copy र Hard Copy जिल्ला स्थित शिक्षा विकास तथा समन्वय ईकाई र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखामा आर्थिक वर्ष समाप्त भए लगत्तै छिटो माध्यमबाट समयमै पुग्ने गरि पठाउनु पर्ने हुन्छ। त्यसैले यस पचालझरना गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा आ.ब. २०७९/०८० मा वित्तीय हस्तान्तरित शसर्त अनुदान तथा समानिकरण अनुदानका स्वीकृत कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु को कार्यसम्पादनको स्थीति हेरी सोको प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा उल्लेख गरिएका सम्पूर्ण सम्पादित कार्य तथा क्रियापलापहरु नियमानुसार संचालन भइ सम्पादन भएका छन।

यो यस पाचलझरना गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको बार्षिक शैक्षिक स्थीति प्रतिवेदन तयार गर्ने क्रममा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्ने, शिक्षा शाखा प्रमुख नमराज शाही, प्रा.स.अग्नीप्रसाद अधिकारी, प्रमुख प्रशासकीय अधिकृत पूर्ण बहादुर वि.क., योजना शाखा प्रमुख कमल बहादुर बम तथा बिद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुलाई पनि यो सहयोगको लागि आभार प्रकट गर्दै, यो बार्षिक शैक्षिक स्थीति प्रतिवेदन प्रस्तुत गरिएको छ। जसमा आ.ब. २०७९/०८० मा संचालित विभिन्न बित्तीय कार्यक्रम शैक्षिक कार्यक्रम परीक्षा संचालन तथा व्यबस्थापन तथा अन्य शैक्षिक प्रगति सहितको यो समष्टिगत स्थीति प्रतिवेदनले आगामि बर्षहरुमा योजना तर्जुमा र कमजोर देखिएको पक्षमा हामिलाइ सुधारात्मक पृष्ठपोषण दिने अपेक्षा लिएका छौं।

पचालझरना गाउँपालिका<br>
शिक्षा,युवा तथा खेलकुद शाखा<br>
पणेक्षा, कालिकोट

# बिषयसूची

परिच्छेद - १ ........ 1
स्थीति प्रतिवेदनको परिचय ........ 1
१.१ पृष्ठभूमीः ........ 1
१.२ स्थीति प्रतिवेदनको उद्देश्यः ........ 1
१.३ स्थीति प्रतिवेदन निर्माण प्रकक्रियाः ........ 1
१.४ स्थीति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरु(आधारहरु) ........ 2
परिच्छेद - २ ........ 3
शैक्षिक अवस्था ........ 3
२.१ साक्षरताको स्थीतिः ........ 3
२.२ शिक्षण संस्थाहरुको संख्यात्मक विवरणः ........ 4
२.३ बिद्यार्थी विवरण (कक्षागत) ........ 4
२.४ भौतिक तथा पूर्वाधारको अवस्थाः ........ 5
२.५ बिद्यालय शिक्षाका शैक्षिक सूचकहरुः ........ 6
२.६ स्थानीय तहको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्थाः ........ 6
परिच्छेद - ३ ........ 7
कार्यक्रम कर्यान्वयनको भौतिक तथा बित्तिय प्रगति ........ 7
३.१ शिक्षा क्षेत्रको बजेट र खर्चको अवस्था ........ 7
३.२ वजेट उपशिर्षक अनुसार वजेट तथा वजेट खर्चको अवस्था ........ 8
३.३ कार्यक्रम कार्यान्वयनका मुख्या समस्या तथा चुनौती ........ 9
३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपाय ........ 10
परिच्छेद - ४ ........ 11
उपलब्धी तथा कार्यक्रम विस्तृतिकरण ........ 11
४.१ उपलब्धी तथा कार्यक्रम विस्तृतिकरण ........ 11
परिच्छेद - ५ ........ 19
असल अभ्यास, प्रमुख उपलब्धी,चुनौती तथा समाधानका उपायहरू ........ 19
१. असल अभ्यासहरुः ........ 19
२. प्रमुख उपलब्धीः ........ 19
३. कार्य अभ्यासमा देखा परेका समस्या तथा चुनौतीहरुः ........ 20
४. समस्या तथा चुनौतिहरु समाधानका उपायहरुः ........ 20
अनुसूचीहरु ........ 20
कार्यकारी सारांश ........ 26

## परिच्छेद - १ स्थीति प्रतिवेदनको परिचय

### १.१ पृष्ठभूमीः

कुनै पनी बिषयवस्तु तथा क्षेत्र अवलोकन पश्चात उक्त क्रममा भए गरेका कामहरुको सूची तथा सूचकका आधारमा गरेको लगानी, प्रक्रिया र प्रतिफलका आधारमा विस्वशनीय मापन गरिन्छ जसलाई उपलब्धी मानिन्छ। त्यही उपलब्धी लाई एक अर्थमा प्रगति भनिन्छ। बिद्यालय क्षेत्रमा संघ,प्रदेश र स्थानीय तहले गरेको बित्तीय लगानी र सोको कार्यप्रगतीको यकिन गर्नु आवश्यक हुन्छ। वित्तीय प्रगतिका साथै शैक्षिक प्रगतिको पनि लेखाजोखा गर्नु र सोको आधारमा तयार गरिने प्रतिवेदन सम्बन्धित निकाय सम्म सम्प्रेषण गर्नु सम्बन्धित सबैको कर्तव्य हुन्छ। यसर्थ स्थानीय तहमा संचालित शैक्षिक गतिविधिहरु र भौतिक तथा वित्तीय क्रियापलापहरुको समग्र प्रगतिको कार्यविवरण यस स्थीति प्रतिवेदनमा समावेश गरिएको छ।

### १.२ स्थीति प्रतिवेदनको उद्देश्यः

यस पचालझरना गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको बार्षिक शैक्षिक स्थीति प्रतिवेदनका देहायबमोजिम उद्देश्य रहेका छन् -

- पचालझरनाको गाउँपालिकाको समग्र शैक्षिक स्थीतिको जानकारी दिन।
- पचालझरनाको गाउँपालिकाको शैक्षिक क्षेत्रको वित्तीय लगानी र प्रतिफलको जानकारी दिन।
- पचालझरना गाउँपालिकामा देखापरेका शैक्षिक चुनौतिको पहिचान गरी सम्बन्धित निकायको ध्यानाकर्षण गराउन।

### १.३ स्थीति प्रतिवेदन निर्माण प्रकक्रियाः

साधारणतया जुन बिषयको अध्ययन गर्ने हो। जुन बिषय सँग सम्बन्धित प्रतिवेदन तयार गर्ने हो। सोही बिषयवस्तुमा आधारित भएर तथ्यांक संकलनको पनि आवश्यकता पर्दछ। तसर्थ तथ्यांक संकलन र सोको बिष्लेषण र कार्यप्रगतिका आधारमा कुनै पनि प्रतिवेदन तयार तथा निर्माण गर्नको लागि कम्तिमा पनि दुई वटा तथ्यांक संकलन बिधि तथा प्रक्रियाको प्रयोग गर्न सकिने भएकाले यस बार्षिक शैक्षिक स्थीति प्रतिवेदनको लागि (प्राथमिक र द्बितीय स्रोतको) प्रयोग गरिएको छ।

**प्राथमिक स्रोतः** यस पचालझरना गाउँपालिकाका सामुदायिक बिद्यालयमा कार्यरत प्रधानाध्यापकहरु ,शिक्षा शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत पूर्ण बहादुर वि.क. तथा लेखापाल चक्र खनाल र योजना तथा अनुगमन शाखा प्रमुख कमल बहादुर बम ज्यू संग प्रत्यक्ष भेटघाट गरि वित्तीय, भौतिक तथा शैक्षिक गतिविधि सम्बन्धि अन्तर्क्रिया तथा सोधपुछ गरि उहाहरुले दिनुभएका जवाफ र रायअनुसार प्रतिवेदन निर्माण प्रक्रियालाई अघि बढाइयो।

Kamal Bahadur Bam
Admin & Planning Officer

**द्वितीय स्रोत:** पचालझरना गाउँपालिकाको तपशिल बमोजिमका स्रोत सामग्रीहरुको अध्ययन गरी सोको तथ्यांकका आधारमा यो बार्षिक शैक्षिक स्थीति प्रतिवेदन निर्माण गरियो:

- आर्थिक बर्ष २०७९/०८० को नीति, बजेट, योजना तथा कार्यक्रम
- आर्थिक बर्ष २०७९/०८० वित्तिय हस्तान्तरित यस गाउँपालिकाको LMBIS मा प्रविष्ट भएको शिक्षा क्षेत्र अन्तरगतको बजेट, स्रोत र निर्धारित कार्यक्रम
- आर्थिक बर्ष २०७९/०८० को कार्यक्रम कार्यान्वयन पुस्तिका
- मासिक तथा चौमासिक रुपमा बिद्यालयहरुलाइ निकासा भएको रकमको श्रेस्ताहरु

## १.४ स्थीति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरु(आधारहरु)

पचालझरना गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले तयार पारेको यस बार्षिक शैक्षिक स्थीति प्रतिवेदन तयार पार्ने क्रममा विभिन्न स्रोत, सन्दर्भ सामग्री तथा दस्तावेजहरुलाई आधार लिइयो जुन देहायबमोजिम छन् -

- आर्थिक बर्ष २०७९/०८० को नीति, बजेट, योजना तथा कार्यक्रम
- आर्थिक बर्ष २०७९/०८० वित्तिय हस्तान्तरित यस गाउँपालिकाको LMBIS मा प्रविष्ट भएको शिक्षा क्षेत्र अन्तरगतको बजेट, स्रोत र निर्धारित कार्यक्रम
- आर्थिक बर्ष २०७९/०८० को कार्यक्रम कार्यान्वयन पुस्तिका
- मासिक तथा चौमासिक रुपमा बिद्यालयहरुलाइ निकासा भएको रकमको श्रेस्ताहरु
- सामुदायिक बिद्यालयहरुले निर्माण गरेका बिद्यालय सुधार योजनाहरु
- बिद्यालमा गरिएका बिद्यालय सामाजिक लेखापरीक्षण तथा आर्थिक लेखापरीक्षण २०७९ का प्रतिवेदनहरु
- IEMIS Report 2079 (Student Level Information)
- IEMIS Report 2079 (Teacher Report)
- IEMIS Report 2079 (PMT Report)
- IEMIS Report 2079 (Physical Information)
- बिद्यालयहरुले पेश गरेका विभिन्न प्रस्तावहरु
- राष्ट्रपति शैकिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि
- शिक्षा ऐन तथा नियमावलीहरु (नितिगत प्रयोजनको लागि मात्र) आदि।

Kamal Bahadur Bam

## २.५ बिद्यालय शिक्षाका शैक्षिक सूचकहरु:

यस पचालझरना गाउँपालिका अन्तरगतका सामुदायिक बिद्यालयका शैक्षिक सूचक तथा ति सूचकहरुको बिगत ३ बर्षदेखिको तुलनात्मक कार्यविवरण यसप्रकार रहेको छ।

*तालिका नं. ३*

*पचालझरना गाउँपालिका अन्तरगतका सामुदायिक बिद्यालयका शैक्षिक सूचक र तिनको बार्षिक प्रगति विवरण*

| क्र. सं. | सूचकहरु | शैक्षिक सत्र २०७७ देखि २०७९ सम्मको बार्षिक शैक्षिक स्थीतिको तुलनात्मक कार्यप्रगति विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | २०७७ | २०७८ | २०७९ | |
| १ | बिद्यालय संचालन तथा शिक्षण सिकाई क्रियाकलाप र दिवा खाजा | ६५% | ८५% | ८७% | |
| २ | पाठ्यक्रम,पाठ्यपुस्तक,निर्देशिका तथा सन्दर्भ सामग्रीको उपलब्धता | ९९% | १००% | १००% | |
| ३ | शिक्षक तथा विद्यार्थीहरुको नियमितता तथा सक्रिय सहभागिता | २५% | ९०% | ९६% | |
| ४ | बिद्यालय तथा स्थानिय तहमा अतिरिक्त क्रियाकलाप संचालनको स्थीति | १४% | २५% | ३०% | |
| ५ | IEMIS अध्यावधिक गर्ने बिद्यालय | १००% | १००% | १००% | |
| ७ | कक्षा दोहर्याउने बिद्यार्थी | ७% | ६% | ६% | |
| ८ | कक्षा छाड्ने कक्षा छाड्ने बिद्यार्थी | १०% | ९% | ११% | |
| ९ | बार्षिक शैक्षिक औषत उपलब्धी (समग्र) | ७०% | ८७% | ८७.५% | |
| १० | बिद्यालमा भएको बेरुजुको स्थीति | ६.५% | ६% | ६% | |
| ११ | गाउँ शिक्षा योजना | १० बर्षे गाउँ शिक्षा योजना निर्माणको थालनी रहेको छ। | | | |
| १२ | बिद्यालय सुधार योजना निर्माण गरि कार्यान्वयन गरेका बिद्यालयहरु | ९७.५% | ९०% | ९०% | |
| १३ | विद्यालयको सामाजिक तथा आर्थिक परीक्षण | ५६% | ८४% | - | २०७९ को भइरहेको |
| १४ | स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग | - | - | १००% | |
| १५ | विपन्न लक्षित छात्रवृत्तिबाट लाभान्वित भएका बालबालिकाको संख्या | ३५ जना | ४१ जना | २१ जना | |

स्रोत: वार्षिक शैक्षिक प्रतिवेदन २०७७,२०७८,२०७९ तथा IEMIS Report:2077,2078,2079

## २.६ स्थानीय तहको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था:

**यस पचालझरना गाउँपालिका मा शैक्षिक जनशक्तिको खासै पहुँन पुगेको देखिदैन किनभने प्राय: बिद्यालयहरुमा स्थानीय तहले कक्षा थपको अनुमति दिएर निजिस्रोत तथा गाउँपालिकाबाट अनुदान कोटाको सिर्जना गरेर शिक्षक व्यबस्थापन गरेको छ। बालबिकास सहजकर्ता तथा सामुदायिक सिकी केन्द्र पारिचालहरुको त्यति राम्रो सक्रियता देखिदैन ।** शिक्षा शाखा र गाउँपालिकाले पटक पटक अनुगमन तथा निरीक्षण भैरहेकै अवस्था छ। यहाँ यस गाउँपालिका अन्तर्गतका सामुदायिक बिद्यालय, बालबिकास केन्द्र र सामुदायिक सिकाई केन्द्रमा कार्यरत शिक्षक कर्मचारी (जनशक्ति) हरुको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ:-

Kamal Bahadur Bam
Admin & Planning Officer

तालिका नं ४

पचालझरना गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालय, बालविकास केन्द्र र सामुदायिक सिकाई केन्द्रमा कार्यरत शिक्षक कर्मचारीको विवरण: २०७९

| क्र.सं. | शिक्षक कार्यरत तह | स्थायी | अस्थायी | राहत | गा.पा.अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (११-१२) | - | ८ | - | - | ८ |
| २ | माध्यमिक तह (९-१० | ३ | ५ | ५ | ६ | १९ |
| ३ | आधारभुत तह (६-८) | ६ | ४ | ८ | १६ | ३४ |
| ४ | आधारभुत तह (१-५) | ३३ | १३ | १४ | १२ | ७२ |
| ५ | मा.बि. तह कक्षा ९-१० को (अंग्रेजी/गणित/विज्ञान) शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षक संख्या | | | | | १० |
| ६ | आ.बि. तह कक्षा ६-८ को (अंग्रेजी/गणित/विज्ञान) शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षक संख्या | | | | | ७ |
| ७ | बालबिकास केन्द्र | - | २० | - | १७ | ३७ |
| ८ | सामुदायिक सिकाई केन्द्र | - | ३ | - | ६ | ९ |
| ९ | विद्यालय सहायक (लेखापाल) | - | ९ | - | - | ९ |
| १० | कार्यालय सहयोगी | - | २७ | - | - | २७ |

स्रोत: पचालझरना गाउँपालिकाको शिक्षक तथा कर्मचारी विवरण: २०७९

## परिच्छेद - ३ कार्यक्रम कर्यान्वयनको भौतिक तथा वित्तिय प्रगति

### ३.१ शिक्षा क्षेत्रको बजेट र खर्चको अवस्था

शिक्षा क्षेत्रेमा प्रत्येक आ.ब.मा बजेटको निर्धारित सिमा तथा बिनियोजन हुने विभिन्न अनुदान निकासा हरुमा वृद्धि हुँदै आईरहेको पाईन्छ आ.व २०७९/०८० मा पनि केही नयाँ शीर्षकमा संघीय सरकारबाट थप वित्तिय हस्तान्तरण भएको पाइयो। जस अन्तरगत पचालझरना गाउँपालिकामा आधारभुत तह (६-८) मा अंग्रेजी, गणित र विज्ञान बिषयमा शिक्षण सहयोग अनुदान शिर्षकमा थप बजेट बिनियोजन भइ (LMBIS) मा प्रविष्ट भएको हुँदा सो कार्यक्रमलाई स्थानीय तहमार्फत संचालन तथा सम्पादन पनि गरियो। साथै यस गाउँपालिकाले वित्तीय समानिकरण अनुदानबाट शिक्षा क्षेत्रमा विभिन्न कार्यक्रम हरु जस्तैः अतिरिक्त क्रियाकलाप, विभिन्न शैक्षिक तालिम तथा गोष्ठी, शिक्षण सिकाई अनुदान, बालबिकास केन्द्र संचालन तथा ब्यवस्थापन, सामुदायिक सिकाई केन्द्र संचालन तथा ब्यवस्थापन इत्यादी कार्यहरु सम्पादन भएका छन। बजेट खर्च गर्ने क्रममा शिक्षकको तलव भत्ता, बालबिकास सहजकर्ता र बिद्यालय कर्मचारीको पारिश्रमिक, सामुदायिक सिकाई केन्द्र परिचालकको पारिश्रमिक त्रैमासिक रुपमा निकासा गर्ने गरिएको छ।

Kamal Bahadur Bam
Admin & Planning Officer

यसै आ.ब. २०७९/०८० मा बिद्यालयमा निकासा हुने सम्पूर्ण अनुदानहरु नियमानुसार बिद्यालयहरुका बैंक खातामा निकासा गरिएको छ। बिद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान पनि तोकिएको मापदणडका आधारमा निकासा दिइएको छ। यसरी हेर्दा यस पचालझरना गाउँपालिकाको शिक्षा क्षेत्रको आ.ब. २०७९/०८० को बजेट खर्चमा समस्या नदेखिएता पनि शिक्षकहरुको तलव भत्ता अपुग हुँदा पुनः माग गरि समस्याको समाधान गरियो।


## ३.२ वजेट उपशिर्षक अनुसार वजेट तथा वजेट खर्चको अवस्था

यस पचालझरना गाउँपालिकाको आ.ब.२०७९/०८० मा भएको संघीय सरकारको वित्तिय हस्तानतरण अन्तरगत शसर्त अनुदान तर्फ सबैका लागि शिक्षा आधारभुत शिक्षा आधारभुत तह शिक्षक तलव भत्ता (ब.उ.शी.नं. ३५०००१४), माध्यमिक शिक्षक तलव भत्ता (ब.उ.शी.नं. ३५०००१५), बिद्यालय क्षेत्र विकास कार्यक्रम जिल्ला स्तर (ब.उ.शी.नं.३५०००८०१), सबैका लागि शिक्षा-शिशु विकास कार्यक्रम (ब.उ.शी.नं. ३५०००१०२) अन्तर्गतको बजेट निर्धारण भई आएको विभिन्न क्रियाकलापमा बिनियोजित बजेटको क्रियाकलापगत खर्च विवरण लाई जस्ताको तस्तै विद्यालयको खातामा निकासा गरिएको छ। जसमा शिक्षकको तलवभत्ता, विद्यालय कर्मचारी र प्रारम्भिक बालविकास सहजकर्ताको पारीश्रमिक, दिवा खाजा, निशुल्क पाठ्यपुस्तक अनुदान, छात्रवृत्ति, सेनिटरी प्याड व्यवस्थापन, सामुदायिक सिकाई केन्द्र संचालन तथा व्यवस्थापन अनुदान, प्रति विद्यार्थी लागत अनुदान, विद्यालय व्यस्थापन अनुदान लगायतका सम्पूर्ण शिर्षकको रकमहरु विद्यालयको खातामा निकासा गरीएको छ।

Kamal Bahadur Bam
Admin & Planning Officer

तालिका नं. ५

पचालझरना गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आ.व.२०७९/०८० को संघिय शसर्त र गाउँपालिका अनुदानको बजेट खर्च विवरण




स्रोत: IMBIS 2079/080 पचालझरना गाउँपालिका लेखा शाखा

## ३.३ कार्यक्रम कार्यान्वयनका मुख्या समस्या तथा चुनौती

कुनै पनि कार्यको संचालनको क्रममा केही न केही कमजोरी, समस्या तथा चुनौति देखा परेकै हुन्छन। यस पचालझरना गाउँपालिकामा आ.ब.२०७८/०७९ का कार्यक्रहरु कार्यान्वयन गर्ने क्रममा देखापरेका समस्यात तथा चुनौती हरु निम्नानुसार छन् -

- आ.ब.२०७९/०८० को कार्यक्रम कार्यान्वयन पुस्तिका समयमै उपलब्ध नहुनु।
- स्रोतगत शसर्त अनुदान तर्फको केही बजेट समयमै कोलेनिकाबाट निकासा नहुनु।
- शिक्षक कर्मचारीको तलव अपुग हुनु।
- समानिकरण अनुदानको खर्च मापदण्ड प्रष्ट नहुनु।
- भौतिक तथा पुर्वाधार निर्माणमा ढिलाई हुनु।

- धिकांश बिद्यालय हरुमा बेरुजुको स्थिति बृद्घि हुँदै जानु।
- शिक्षक दरबन्दीको निकै अभावका कारण गा.पा.अनुदानमा करार शिक्षक व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेको।

## ३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपाय

स्थानीय तहमा कार्यक्रम संचालन तथा कार्यान्वयन गर्दा आईपरेका बाधा अड्चन तथा चुनौतिहरुको सामना गर्दै कार्यक्रमलाई सहजतापूवक कार्यान्वयन गर्न त्यति सजिलो छैन। यद्यपि यस पचालझरना गाउँपालिकामा आ.ब.२०७९/०८० मा शैक्षिक क्षेत्रका विभिन्न गतिविधिहरु संचालन तथा कार्यान्वयन गर्ने क्रममा भएका समस्याहरुको समाधान र ती पक्षमा सुधार गर्न देहायबमोजिमका उपायहरु अवलम्बन गरियो:-

- कार्यसम्पादनमा अधिक मात्रामा जोड दिने।
- कार्यक्रम कार्यान्वयन पुस्तिकाको समुचित प्रयोग गर्ने।
- शिक्षक कर्मचारीको विवरण IEMIS मा सही तरिकाले पूर्ण रुपमा भर्न लगाउने जसले गर्दा तलवभत्ता नपुग्ने समस्याको समाधान हुने देखिन्छ।
- समानिकरण अनुदानको बजेट शीर्षक छुट्याइ ब्रेकडाउन गर्ने तथा कार्यविधि बमोजिम खर्च गर्ने।
- परीक्षा संचालन तथा व्यबस्थापन पक्षलाइ सुदृढ गर्दै लैजाने।
- विपद पर्दा तथा बिद्यालयहरु वन्द हुँदा सामुदायिक सिकाई केन्द्रका परिचालक मार्फ सिकाइ सहजिरण गर्ने गराउने।
- भौतिक पूर्वाधार निर्माणको कार्यस्थमा गइ प्रत्येक्ष रुपमा अनुगमन गर्ने गराउने।
- बिद्यालयहरुलाइ समयमै बिद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गर्न लगाउने।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको बजेट पहिलो चौमासिक भित्रै निकासाको लागि सम्बन्धित निकायसँग अनुरोध गर्ने।
- शिक्षक दरबन्दीको अभावलाई परीपूरण गर्न गा.पा.अनुदान मार्फत शिक्षक व्यवस्थापन गरी शैक्षिक क्षति न्युनिकरण गर्ने।

Kamal Bahadur Bam
Admin & Planning Officer

# परिच्छेद - ४ उपलब्धी तथा कार्यक्रम विस्तृतिकरण


## ४.१ उपलब्धी तथा कार्यक्रम विस्तृतिकरण

पचालझरना गाउँपालिका मा आ.ब. २०७९/०८० मा संघीय सरकारबाट वित्तिय हस्तान्तरण भएको शसर्त अनुदान तर्फको प्राप्त रकम तथा यसै गाउँपालिकाले शिक्षामा विनियोजन गरेको समानिकरण अनुदान भित्रका कार्यक्रम र ति कार्यक्रमको संचालन र कार्यान्वयन गर्न शिक्षा, युवा तथा खेलकुद शाखा पचालझरनाले गरेको योगदान र कार्यविवरणको विस्तृत विवरण यसप्रकार उल्लेख गर्न सकिन्छ।

*क) वित्तिय प्रगति विवरण आ.ब.२०७९/०८०*

तालिका नं.६

पचालझरना गाउँपालिकाको आ.ब.२०७८/०७९ को सशर्त अनुदान तथा वित्तिय समानिकरण अनुदानको वित्तिय प्रगति विवरण




स्रोत: IMBIS 2079/080 पचालझरना गाउँपालिका लेखा शाखा

**ख) बिद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको अवस्थाः**


आ.ब. २०७९/०८० को संघीय शसर्त अनुदान तर्फको विनियोजित शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा अधारित प्रोत्साहन अनुदान देहायका बिद्यालयहरुमा दिइएको छः-

तालिका नं.७

शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्ने बिद्यालयहरु २०७९/०८०

| क्र.सं. | बिद्यालयको नाम | अनुदान निकासा रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री पंगेली मा.बि.नुवाघर | २,००,०००। | प्रोत्साहन अनुदान |
| २ | श्री कालिकादेवी आ.वि.कोटिला | २,००,०००। | प्रोत्साहन अनुदान |
| ३ | श्री जनता मा.बि.खार्दु | ५०,०००। | कार्यसम्पादन अनुदान |
| ४ | श्री जनज्योति आ.बि.मेला | ५०,०००। | कार्यसम्पादन अनुदान |
| ५ | श्री कालिकादेवी आ.बि.नानिकोट | ६,५०,०००। | पुस्तकालय |
| ६ | श्री सरस्वती मा.बि.सिकु | ६,५०,०००। | विज्ञान प्रयोगशाला |
| ७ | श्री ज्ञानोदय मा.बि. राम्नाकोट | ६,५०,०००। | विज्ञान प्रयोगशाला |
| ८ | श्री कर्णाली आ.बि.सिम बिस्खेत | ५०,०००। | कार्यसम्पादन अनुदान |
| ९ | श्री थामिढुङ्गा आ.बि.खडीतोली | ५०,०००। | कार्यसम्पादन अनुदान |
| १० | श्री कालिकादेवी आ.वि. तोलिभिड | ५०,०००। | कार्यसम्पादन अनुदान |
| ११ | श्री विद्यामन्दिर आ.बि.बयाला गोठी | ५०,०००। | कार्यसम्पादन अनुदान |
| १२ | श्री कालिका मा.वि. खयरकोट | ५०,०००। | कार्यसम्पादन अनुदान |

**ग) शिक्षक दरबन्दी प्राप्त नगरेका/शुन्य (०) दरबन्दी भएका बिद्यालयहरुः**



## घ) अंग्रेजी,गणित र विज्ञान शिक्षणका लागि शिक्षण सहयोग अनुदानः

यस पचालझरना गाउँपालिका अन्तरगतका बिद्यालयहरुमा माध्यामिक तह (९-१०) र आधारभुत तह (६-८) को लागि अंग्रेजी,गणित र विज्ञान शिक्षणका लागि नियमानुसार शिक्षक नियुक्त गरी अनुदान निकासा दिने गरिएको छ। सोको लागि बिद्यालय छनौट गरि नियमानुसार शिक्षक नियुक्ति गरी पारिश्रमिक हिसाब गरि निकासा गरिएको छ।अब आगामी आ.ब. मा एकमुष्ट बिद्यालयगत रुपमा निकासा दिने अभ्यास गरिने छ। आ.ब. २०७९/०८० मा यो शीर्षक अन्तर्गतको अनुदान पाउने बिद्यालयहरु देहायबमोजिम छन्-

- श्री पंगेली माध्यमिक बिद्यालय,नुवाघर
- श्री जनप्रिय माध्यमिक बिद्यालय, बोलुगाउँ
- श्री शहिद स्मृती माध्यमिक बिद्याल,लडकाँटियाँ
- श्री जनता माध्यमिक बिद्यालय, खार्दु
- श्री कालिकादेवी आधारभुत बिद्यालय, तोलिभिड
- श्री जनज्योति आधारभुत विद्यालय मेला
- श्री कालिका माध्यमिक विद्यालय खयरकोट
- श्री नवकिरण आधारभुत विद्यालय बाँझकोट
- श्री कालिकादेवी आधारभुत विद्यालय नानिकोट

## ङ) विज्ञान प्रयोगशाला, ICT Lab, पुस्तकालय तथा इन्टरनेट सुबिधा पुगेका बिद्यालयहरुः

तालिका नं ८

विज्ञान प्रयोगशाला, ICT Lab, पुस्तकालय तथा इन्टरनेट सुबिधा पुगेका बिद्यालयहरुः

| क.सं. | बिद्यालयहरुको नाम ठेगाना | विज्ञान प्रयोगशाला भएको | ICT Lab/Smart Board भएको | पुस्तकालय भएको | इन्टरनेट सुबिधा भएको |
|---|---|---|---|---|---|
| १ | श्री ज्ञानोदय मा.बि. राम्नाकोट | विज्ञान प्रयोशाला | ICT | पुस्तकालय | Internet |
| २ | श्री सरस्वती मा.बि. भिट्टा | विज्ञान प्रयोशाला | ICT | पुस्तकालय | Internet |
| ३ | श्री बिद्यादेवी मा.बि. मयकोट | | Smart Board | | Internet |
| ४ | श्री सरस्वती मा.बि. सिकू | विज्ञान प्रयोशाला | ICT | पुस्तकालय | Internet |
| ५ | श्री पंचकालिका मा.बि. बाँझकोट | विज्ञान प्रयोशाला | ICT | पुस्तकालय | Internet |
| ६ | श्री कालिकादेवी आ.बि. कोटिला | | | | Internet |
| ७ | श्री जनप्रिय आ.बि. बोलुगाउँ | | | पुस्तकालय | Internet |
| ८ | श्री कालिका मा.बि. खयरकोट | | | पुस्तकालय | Internet |
| ९ | श्री कालिकादेवी आ.बि. नानिकोट | | | पुस्तकालय | |
| १० | श्री कर्णाली आ.बि. तिखार्ती | | | पुस्तकालय | |



Kamal Bahadur Bam
Admin & Planning Officer

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | श्री नवकिरण आ.बि. बाँझकोट | | | | |
| १२ | श्री जनता मा.बि. खार्दु | विज्ञान प्रयोशाला | | पुस्तकालय | Internet |
| १३ | श्री पंगेलीदेवी मा.बि. नुवाधर | | | | Internet |
| १४ | श्री चुलिमालिका आ.बि. लाफा | | | | Internet |
| १५ | श्री कालाशिल्ला आ.बि. बाँझकोट | | | | |
| १६ | श्री शिशु कल्याण आ.बि. भंक | | | | |
| १७ | श्री कालिकादेवी आ.बि. तोलिमिङ | | | | Internet |
| १८ | श्री बिद्यामन्दिर आ.बि. बयाला गोठी | | | | Internet |
| १९ | श्री सहिद स्मृती मा.बि. लडकाटियाँ | | Smart Board | | |
| २० | श्री चमत्कार आ.बि. बाँझकोट | | | | |
| २१ | श्री थामिढुङ्गा आ.बि. खडितोली | | | | |
| २२ | श्री कर्णाली आ.बि.सिम बिस्खेत | | | | |
| २३ | श्री लालिगुराँस आ.बि. चौली | | | | |
| २४ | श्री नौमुले आ.बि. धमाली | | | | |
| २५ | श्री मष्टादेव आ.बि. काँडागाउँ | | | | |
| २६ | श्री जनज्योति आ.बि. मेला | | | | |
| २७ | श्री हिमाल आ.बि. थानकोट | | | | |

स्रोत: बिद्यालय अनुगमन प्रतिवेदन २०७९ तथा निकासा स्लिपहरु

## च) बिद्यालय सूपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगको स्थितिः

यस पचालझरना गाउँपालिका अन्तरगतका सामुदायिक बिद्यालयहरुमा शैक्षिक सत्र २०७९ मा स्थानीय तहबाट नियामित रुपमा सुपरिवेक्षण तथा अनुगमन भएको छ। केवल परीक्षाको समयमा मात्र सुपरिवेक्षण हुने गरेको भन्ने गुनासोलाई यस वर्ष सम्बोधन हुनेगरी विद्यालयहरुमा अनुगमनको कार्यलाई तिव्रता दिइएको छ।शैक्षिक सत्र २०८० मा बिद्यालय सुपरीवेक्षणलाई अझ प्रभावकारी र नियमित गर्दै लगिने लक्ष्य रहेको छ।शिक्षकको पेशागत विकासको लागि आ.ब.२०७९/०८० मा प्र.अ.हरुको क्षमता अबिवृद्धि तालिम, IEMIS सम्बन्धी तालिम गरिनुका साथै मानव संशाधन विकास केन्द्रले संचालन गर्ने TPD तालिमा सहभागिताको लागि पठाइने गरिएको छ र आगामि बर्षमा पनि यसली अझैं प्रभावकारी गरिने छ।अन्य बिद्यालयको IEMIS सम्बन्धी सम्पूर्ण कार्यमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट सहजिकरण गरिरहेका छौं।

Bahadur Bam
Admin & Planning Officer

## छ) बालविकास केन्द्रको अवस्थाः

यस पचालझरना गाउँपालिकामा बिद्यालयमा आधारित २० वटा बालविकास केन्द्रहरु रहेका छन भने स्थानिय तहले अनुमति दिई आफ्नै पहलमा संचालन गरेका बालविकास केन्द्रहरु १७ वटा रहेका छन जुन बिद्यालयमा आधारित र समुदायमा आधारित बालविकास केन्द्रहरु देहायमोजिम छन् -

तालिका नं. ९

बालविकास केन्द्रको विवरण

| क्र.सं. | बालविकास केन्द्रको नाम | मातृ बिद्यालयको नाम | सहजकर्ताको नाम |
|---|---|---|---|
| १ | श्री सरस्वती बा.बि.के. सिकु | श्री सरस्वती मा.बि. सिकु | गौरा कठायत |
| २ | श्री कालिका बा.बि.के. खयरकोट | श्री कालिका मा.बि. खयरकोट | अन्जना सेजुवाल |
| ३ | श्री नौमुले बा.बि.के. धमाली | श्री नौमुले आ.बि. धामाली | सुस्मिता नेपाली |
| ४ | श्री मष्टादेव बा.बि.के. काँडागाउँ | श्री मष्टादेव आ.बि. काँडागाउँ | सुविस्ता बोगटी |
| ५ | श्री हिमाल बा.बि.के. थानकोट | श्री हिमाल आ.बि. थानकोट | टाँका सेजुवाल |
| ६ | श्री जनज्योति बा.बि.के.मेला | श्री जनज्योति आ.बि. मेला | दुर्पता सुनार |
| ७ | श्री बिद्याज्योती बा.बि.के. खार्दु | समुदायमा आधारित रहेको | अल्किना बस्नेत |
| ८ | श्री ज्ञानोदय बा.बि.के. राम्नाकोट | श्री ज्ञानोदय मा.बि. राम्नाकोट | मनशोभा ऐडी (सेजुवाल) |
| ९ | श्री नवकिरण बा.बि.के. बाँझकोट | श्री नवकिरण आ.बि. बाँझकोट | शान्ती शाही |
| १० | श्री कालाशिल्ला बा.बि.के. बाँझकोट | श्री कालाशिल्ला आ.बि. बाँझकोट | चरना शाही |
| ११ | श्री चमत्कार बा.बि.के. बाँझकोट | श्री चमत्कार आ.बि. बाँझकोट | दर्शना बम (शाही) |
| १२ | श्री पंचकालिका बा.बि.के. बाँझकोट | श्री पंचकालिका मा.बि. बाँझकोट | राजकला दर्जी |
| १३ | श्री नमुना बा.बि.के. पोरीज्युला | समुदायमा आधारित रहेको | बिनिता कुमारी न्यौपाने |
| १४ | श्री मातृभुमी बा.बि.के. टुडिखेत | समुदायमा आधारित रहेको | समिता कुमारी न्यौपाने |
| १५ | श्री जनप्रिय बा.बि.के. बोलुगाउँ | श्री जनप्रिय मा.बि. बोलुगाउँ | सरला बुढा |
| १६ | श्री थामीढुङ्गा बा.बि.के.खडितोली | श्री थामिढुङ्गा आ.बि. खडितोली | शिवचन्द्र संज्याल |
| १७ | श्री बद्यामन्दिर बा.बि.के. गोठी | श्री बिद्यादेवी आ.बि. गोठी | बिमला न्यौपाने |
| १७ | श्री कर्णाली बा.बि.के. सिम बिस्खेत | श्री कर्णाली आ.बि. सिम बिस्खेत | सुलोचना बि.क. |
| १९ | श्री कालिकादेवी बा.बि.के. कोटिला | श्री कालिकादेवी आ.बि. कोटिला | समला शाही |
| २० | श्री कर्णाली बा.बि.के. तिखार्ती | श्री कर्णाली आ.बि. तिखार्ती | सृजना कुमारी शाही |
| २१ | श्री सिमलडाँडा बा.बि.के. सिकु | समुदायमा आधारित रहेको | दिलमाया सार्की |
| २२ | श्री सेतोगुराँस बा.बि.के. डुड्ग्री | समुदायमा आधारित रहेको | रन्जु सेजुवाल |
| २३ | श्री शिक्षाज्योति बा.बि.के. कुड | समुदायमा आधारित रहेको | अम्रा तिरुवा |
| २४ | श्री फलसेना बा.बि.के. बाँझकोट | समुदायमा आधारित रहेको | कृष्णा शाही |
| २५ | श्री लालिगुराँस बा.बि.के. ढाँडटोल | समुदायमा आधारित रहेको | रमिता सार्की |
| २६ | श्री लालिगुराँस बा.बि.के.चौली | श्री लालिगुराँस बा.बि.के.चौली | अन्जु सिंह शाही |
| २७ | श्री चुलिमालिका बा.बि.के. लाफा | श्री चुलिमालिका आ.बि. लाफा | धनि न्यौपाने |

Kamal Bahadur Bam
Admin & Planning Officer

| | | | |
|---|---|---|---|
| २८ | श्री खोदाई भवानी बा.बि.के. घोडाबाडा | समुदायमा आधारित रहेको | मिलता तिरुवा |
| २९ | श्री बिद्यादेवी बा.बि.के. मयकोट | श्री बिद्यादेवी मा.बि. मयकोट | सोबिता सार्की |
| ३० | श्री सरस्वती बा.बि.के. मिट्टा | श्री सरस्वती मा.बि. मिट्टा | सन्जु शाही |
| ३१ | श्री कालिकादेवी बा.बि.के. नानिकोट | श्री कालिकादेवी आ.बि. नानिकोट | बसन्ता बुढा |
| ३२ | श्री नवकिरण बा.बि.के. गौडा | समुदायमा आधारित रहेको | सबिता बिस्ट |
| ३३ | श्री कालिकादेवि बा.बि.के. तोलिभिड | श्री कालिकादेवि आ.बि. तोलिभिड | ज्वला न्यौपाने |
| ३४ | श्री अन्पुपन्नावती बा.बि.के. रिखाकोटी | समुदायमा आधारित रहेको | सबिता न्यौपाने |
| ३५ | श्री बिरबल स्मृती बा.बि.के. हडेउरा | समुदायमा आधारित रहेको | ईसरा कठायत |
| ३६ | श्री पंगेली बा.बि.के. नुवाघर | श्री पंगेलीदेवी मा.बि. नुवाघर | पानपुला बोगटी |
| ३७ | श्री जनकल्याण बा.बि.के डाँडाखर्क | समुदायमा आधारित रहेको | बास्मता बुढा |


स्रोतः बालविकास केन्द्रको विवरण २०७९ (शिक्षा,युवा तथा खेलकुद शाखा पचालझरना गाउँपालिका)

**ज) बिद्यालय सुधार योजना निर्माण तथा सामाजिक परीक्षणको अवस्था:**

यस पचालझरना गाउँपालिका अन्तर्गतका ९० प्रतिशत बिद्यालयहरुले सुधार योजना निर्माण गरेका छन। अघिल्ला बर्षहरुको तुलनामा २०७९ मा विद्यालय सुधारयोजना निर्माण गर्ने दरमा गिरावट आएको देखिन्छ। आ.ब. २०७९/०८० बिद्यालय सामाजिक परीक्षण धमाधम भइरहेको र विद्यालयहरुबाट प्राप्त जानकारी अनुसार करिब ५१ प्रतिशत विद्यालयहरुको सामाजिक परीक्षण भैसकेको छ ।हाल आर्थिक बर्ष २०७८/०७९ सम्मको बिद्यालय आर्थिक लेखापरीक्षण ९५ प्रतिशत मात्र भएको र बाँकी बिद्यालय तथा बालबिकास केन्द्रहरुको अन्तिम लेखापरीक्षणको कार्य भैरहेको छ। जसलाई तलको पाई चार्टमा पनि उल्लेख गरिएको छ।

चार्ट नं. २

विद्यालय सुधार योजना निर्माण, सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षणको वर्तमान अवस्था




स्रोतः शैक्षिक गतिविधि सम्बन्धी अध्ययन प्रतिवेदन २०७९ शिक्षा,युवा तथा खेलकुद शाखा पचालझरना

**झ) कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि भएका कार्यक्रम तथा प्रयासहरु:-**

यस गाउँपालिकामा कोभिड-१९ र विपद् का कारण उत्पन्न भएको शैक्षिक क्षती परिपुरणका लागि विभिन्न शैक्षिक सामग्रीहरुको व्यवस्थापन र वितरण गरी सम्पुर्ण विद्यालयहरुमा उक्त परिस्थितिमा सिकाई सहजिकरणका लागि विद्यार्थी शिक्षा युवा, तथा खेलकुद शाखाको सहजिकरणमा कार्यक्रम सम्पन्न भएको छ।

**ञ) बिद्यार्थी मुल्याङकनको अवस्थाः**

शैक्षिक सत्र २०७९ मा बिद्यालय स्तरमा कक्षा १,२,३,४,५,६,७ र ९ को परीक्षा संचालन,ब्यबस्थापन र प्रमाणिकरण भएको तथा आधारभुत तह उत्तिर्ण परीक्षा (कक्षा -८) गाउँपालिका स्तरमा संचालन, ब्यबस्थापन र प्रमाणिकरण गरि बिद्यार्थीहरुलाई Grade Sheet समेत प्रदान गरिएको छ।


**ट) छात्रवृत्ति तथा दिवाखाजा निकासाः**

आ.ब.२०७९/०८० मा यस पचालझरना गाउँपालिका अन्तर्गतका सामुदायिक बिद्यालयहरुमा कक्षा १ देखि ८ सम्म अध्ययनरत १७४५ जना छात्रा, ६२२ जना दलित छात्रवृत्ति तथा ६ जनालाई अपाङ्ग छात्रवृत्ति को लागि बिद्यालयको खातामा रकम निकसा गरिएको छ। साथै कक्षा ECD देखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकाहरुको IEMIS मा भएको तथ्यांक र विद्यालयमा अनुगमनमा गएको बेलामा संकलन गरेको विद्यार्तिको विवरणको तथ्यांकलाई भिडाई विवरण एकिन गरी प्रति विद्यार्ती १ दिनको २० रुपियाँको दरले हुन आउने रकम हिसाब गरी १८० दिन बराबरको रकम समेत सबै बिद्यालय तथा बालविकास केन्द्रको खातामा जम्मा हुने गरि निकासा दिइएको छ। छात्र वृत्ति पाउने बिद्यार्थीको संखयालाई भने तलको Pie Chart मा समेत देखाइएको छः-

Kamal Bahadur Bam
Admin & Planning Officer

चार्ट नं. ३

छात्रवृत्ति निकासा सम्बन्धी विवरण आ.ब. २०७९/०८०




स्रोत: IEMIS Report Academic Year 2079 तथा निकासा लेजर

**ठ) बिद्यालय भौतिक सुबिधा:**

यस पचालझरना गाउँपालिकामा संचालित सामुदायिक बिद्यालयहरुमा भौतिक सुबिधा त्यति राम्रो देखिदैन। यद्यपि कतिपय बिद्यालयहरुमा राम्रो भौतिक सुविधा रहेको छ। बिद्यालय खेलमैदान, घेरबार, शौचालय, कक्षाकोठा, सेतो पाटी तथा अन्य सुविधा एवम् बिद्यालय सबलिकरण भएका बिद्यालयहरु पनि यस गाउँपालिका अनतर्गत रहेका छन। यस गाउँपालिकाको सेवा क्षेत्रभित्र अवस्थित अधिकांश बिद्यालयहरुमा फर्निचर ब्यबस्थापनको अवस्था निकै नै कमजोर छ। बिद्यालयमा बिद्यार्थी छन्। शिक्षक छन्। बिद्यालय ब्यबस्थापन समितिका पदाधिकारीहरु छन्। स्थानीय सरकार छ। प्रदेश सरकार छ। संघिय सरकार छ तर दुर्गम भेगका बिद्यालयहरुमा बिद्यार्थी कक्षाकोठाभित्र भुँइमा बस्सेर पढ्न बाध्य छन त्यस्तै अवस्था यस पचालझरना गाउँपालिका अन्तर्गतका बिद्यालयहरुमा पनि छ। यसर्थ भौतिक सुविधाले सुसम्पन्न बिद्यालयहरु कुनै पनि छैनन्।

**ड) निशुल्क सेनिटरी प्याड वितरण:**

बर्षेनी यस गाउँपालिका अन्तर्गतका सामुदायिक बिद्यालयमा अध्ययनरत किश्वरी छात्राहरुलाई निशुल्क सेनीटरी प्याडको वितरण तथा ब्यबस्थापन गर्दै र गराउँदै आइरहेका छौ। यस कार्यको लागि प्रधानाध्यापक र शिक्षककहरूको पनी अहम भुमिका रहेको छ। स्थानीय तहले खरिद तथा दाखिला गरि बिद्यालयहरुलाई एकमुष्ट उमेर पुगेका छात्राहरुको विवरणका आधारमा हिसाब गरि हुन आउने संख्या बमोजिम हस्तान्तरण गर्ने कार्य शिक्षा शाखाले गर्दै आएको छ।

Kamal Bahadur Bam
Admin & Planning Officer

## परिच्छेद - ५ असल अभ्यास, प्रमुख उपलब्धी,चुनौती तथा समाधानका उपायहरू

आ.ब.२०७९/०८० मा यस पचालझरना गाउँपालिका शिक्षा ,युवा तथा खेलकुद शाखाले यस गाउँपालिका सेवाक्षेत्र भित्रका सामुदायिक बिद्यालयहरुमा गरेका असल अभ्यास, ती अभ्यासबाट प्राप्त उपलब्धी तथा अभ्यास गर्दै गर्दाका बखत देखापरेका चुनौती तथा समस्या तथा चुनौतिहरुको समाधानका लागि अवलम्वन गरिएका उपायहरुको सार संक्षपिकरण देकायका बुदाहरुको आधारमा गर्न सकिन्छ।

### १. असल अभ्यासहरुः

- बिद्यालयको नियमित अनुगमन तथा सुपरीवेक्षण लाई निरन्तरता दिने कार्यको थालनी।
- बिद्यालयको IEMIS समयमै अध्यावधिक गर्न बिद्यालयहरुलाई निर्देशन तथा सहजिकरण कार्यको थालनी।
- विभिन्न वित्तिय स्रोतको रकम समयमै बिद्यालयमा निकासा दिने कार्यको थालनी।
- विभिन्न अतिरिक्त क्रियाकलापहरुको समयमै संचालन तथा ब्यबस्थापन गर्ने कार्यको सुरुवात।
- प्रधानाध्यापक, शिक्षक बालविकास सहजकर्ता, बिद्यालय कर्मचारी तथा सामुदायिक सिकाइ केन्द्र परिचालकहरुलाई सम्बन्धित बिषयबस्तुमा क्षमता अभिवृद्धि तालिम तथा सहजिकरण गोष्ठिको अयोजना।
- अधारभुत तह उत्तिर्ण परिक्षा तथा बार्षिक परीक्षाको संचालन, ब्यबस्थापन, निरीक्षण अनुगमग र नियमन गर्ने कार्य।
- SEE परीक्षा संचालनमा सहजिकरण तथा अनुगमन गर्ने कार्य।
- बिद्यालयमै दिवाखाजा खुवाउनको लागि बिद्यालयहरुलाई सहजिकरण तथा निर्देशन गर्ने कार्य।

### २. प्रमुख उपलब्धीः

- बिद्यालयको शिक्षण प्रक्रिया तथा बिधिमा सुधार।
- समयमै IEMIS अध्यावधिक भएको।
- समयमै विभिन्न वित्तीय स्रोतको रकम बिद्यालयमा निकासा भएको।
- विभिन्न तालिम तथा गोष्ठि सफलतापूर्वक सम्पन्न गरिएको।
- विद्यालयहरुमा संचालित परीक्षाहरुको मर्यादित र भयरहित वातावरणमा सम्पन्न भएका।
- SEE परीक्षा पनि मर्यादित र भयरहित वातावरणमा सम्पन्न भएको।
- बिद्यालयहरुले बिद्यार्थीहरुलाई प्रायः स्थानीय स्तरको उत्पादनक प्रयोग गरी नियमित रुपमा नियमानुसार दिवा खाजा खुवाईरहेको।

Kamal Bahadur Bam
Admin & Planning Officer

## ३. कार्य अभ्यासमा देखा परेका समस्या तथा चुनौतीहरु:

- ❖ भौगोलिक बिकटताका कारण बिद्यालयमा नियमित अनुगमनमा जान कठिनाइ हुनु।
- ❖ सबै प्र.अ.तथा शिक्षमा ।EMIS सम्बन्धी ज्ञानको कमि हुनु।
- ❖ वित्तिय स्रोतको किनै शीर्षकको रकम समयमै फुकुवा नहुनु।
- ❖ तालिम तथा गोष्ठिमा सबैको सक्रिय सहभागिता नहुनु।
- ❖ बिद्यार्थी हरुमा परीक्षाप्रति नकरात्मक र भय (डर) को भावनाको विकास हुनु।
- ❖ कतिपय बिद्यालयहरुमा दिवाखाजाको लागि बजारको खानेकुराहरुको प्रयोग हुने गरेको।
- ❖ बिद्यालयको शैक्षिक उपलब्धी तथा नतिजा अषन्तोशजनक हुनु।

## ४. समस्या तथा चुनौतिहरु समाधानका उपायहरुः

- ❖ बिद्यालयको नियमित अनुगमन तथा सुपरीवेक्षण लाई निरन्तरता दिने।
- ❖ बिद्यालयको ।EMIS समयमै अध्यावधिक गर्न बिद्यालयहरुलाई निर्देशन तथा सहजिकरण गर्ने।
- ❖ विभिन्न वित्तिय स्रोतको रकम समयमै बिद्यालयमा निकासा दिने।
- ❖ विभिन्न अतिरिक्त क्रियाकलापहरुको समयमै संचालन तथा ब्यबस्थापन गर्ने।
- ❖ प्रधानाध्यापक, शिक्षक बालविकास सहजकर्ता, बिद्यालय कर्मचारी तथा सामुदायिक सिकाइ केन्द्र परिचालकहरुलाई सम्बन्धित बिषयबस्तुमा क्षमता अभिवृद्धि तालिम तथा सहजिकरण गोष्ठिमा सबैको सक्रिय सहभागिता गराउने।
- ❖ अधारभुत तह उत्तिर्ण परिक्षा तथा बार्षिक परीक्षाको संचालन, ब्यबस्थापन, निरीक्षण अनुगमग र नियमन गर्ने कार्य लाई अझ प्रभावकारी बनाउदै लैजाने।
- ❖ आगामि बर्षको SEE परीक्षा संचालनमा सहजिकरण तथा अनुगमन गर्ने कार्यलाई थप प्रभावकारी बनाउने।
- ❖ बिद्यालयमै दिवाखाजा खुवाउनको लागि बिद्यालयहरुलाई समय समयमा सहजिकरण तथा निर्देशन गर्ने।


**अनुसूचीहरुः अनुसूचीमा तस्विरहरु राखिएको छ।**

...al Bahadur Bam
...min & Planning Officer

## अनुसूची -१

*(१ दिने बृहत शैक्षिक गोष्ठि सञ्चालनका केहि तस्विरहरु)*









Bahadur Bam
Planning Officer

# अनुसूची -२
## (विद्यालय अनुगमनका केहि थान तस्विरहरु)












Kamal Bahadur Bam
Admin & Planning Officer

## अनुसूची -३
### ( प्रधानाध्यापकहरुका लागि २ दिने क्षमता अभिवृद्धि तालिमका केही तस्विरहरु)












Kamal Bahadur Bam
Admin & Planning Officer

## अनुसूची -४

## (IEMIS सम्बन्धी २ दिने क्षमता अभिवृद्धि तालिमका केहि तस्विरहरु)












Kamal Bahadur Bam

## अनुसूची -५
## (स्थानीय पाठ्यक्रम प्रवोधिकरण तालिमका केही तस्विरहरू)






## अनुसूची -६
## (३ महिने साक्षरता कक्षा संचालन कार्यक्रमको १ दिने अभिमुखिकरण कार्यक्रमका केहि तस्विरहरु)







Kamal Bahadur Bam
Admin & Planning Officer

## कार्यकारी सारांश

यस पचालझरना गाउँपालिका को आ.ब.२०७९/०८० को बार्षिक शैक्षिक स्थीति प्रतिवेदन बनाउने क्रममा विभिन्न प्रकारका तथ्यांक र बिषयवस्तुहरुको संकलन गरि सो तथ्यांक र बिषयवस्तुहरुको बिष्लेषण गरि प्राप्त नजिजा र वास्तिक भए गरेका कुराहरुलाई प्रष्ट पार्ने कोसिश गरिएको छ। यस प्रतिवेदनमा उल्लेखित विभिन्न आर्थिक भौतिक तथा शैक्षिक कार्यक्रकहरु शिक्षा, युवा तथा खेलकुद शाखा र गाउँपालिकाको को सहयोग तथा सहाकार्यमा भए गरेका हुन। साथै बिद्यालय प्रधानाध्यापक, शिक्षक,बिद्यालय कर्मचारी, बालबिकास सहजकर्ता तथा सामुदायिक सिकाई केन्द्र परिचालकहरुको पनि अहम भुमिका रहेको छ। यो प्रतिवेदनले यस पचालझरना गाउँपालिकाको शिक्षा क्षेत्रमा भए गरेका तथा रहेका वास्तविकता लाई समेटको छ। बाँकि केही कुराहरु भुलबस छुटका भए सल्लाह शुझावको अपेक्षा गर्दछौ। साथै आगामि बर्षको लागि पृष्ठपोषणको लागि यो प्रतिवेदन निकै उपयोगि हुने देखिन्छ।

धन्यवाद !